Madhesh P

# मधेश पोष

सर्लाही र धनुषाबाट एकै साथ प्रकाशित पहिलो राष्ट्रिय दैनि

बर्ष ८ अंक ३१६ २०७५ साल जेठ ३१ गते बिहिवार (14 June 2018)

# सरकारी जग्गा निकाल्दै चन्द्रनगर गाउँपालिका

विवेक यादव

सर्लाही, ३० जेठ। वर्षौदेखि कैपचरगरी जोतभोग गर्दै आएका सरकारी जग्गा अहिले चन्द्रनगर गाउँपालिकाले निकाल्ने काम गरेको छ । अहिले सम्म ७० विघा जमिन निकालिएको गाउँपालिकाले जनाएको छ।

चन्द्रनगर गाउपालिकामा करिब ६ सय विघा भन्दा बढी सरकारी जमिन रहेको छ । सबै जमिनलाई स्थानियबासीले खेत बनाएर खेती गर्दै आएको छ। पहिलो चरणमा वडा नं. २,३,४ र ७ मा जमिन निकाल्ने काम भएको गाउँपालिकाले जनाएको छ । केला पाटिएको जमिनमा किसानहरुले धान बाली र माछा पालन गर्दै आएको भेटिएको छ।




ऐलानी जमिन स्यानियले भोग चलन गर्दै आएको थाहा पाएपछि आफुहरु खोजी गर्न थालेको गाउँपालिका अध्यक्ष महेन्द्र महतोले बताउनुभयो । गाउँपालिकाबाट ७ लाख बजेट बिनियोजन गरेर जमिनको खोजी गर्ने काम भईरहेको छ । नेपालका सरकारको श्रेस्तामा रहेको जमिनलाई निकाल्ने काम भईरहेको छ। जसको प्रमाण छ त्यसलाई केही नगरि बाँकी जमिनलाई छुट्याउने काम हुदैछ । चन्द्रनगर गाउँपालिकाको सरकारी ऐलानी र पर्ती खोजी समिति तथा संरक्षण समिति कार्य संचालन निर्देशिका २०७४ अनुसार हामीले काम अगाडी बढाएका छौं ।

जमिनमा बाली लगाएका र पोखरी खनेर माछा पालन गर्दै आएका किसानलाई आफ्नो बाली र माछा निकालेर जमिन खाली गर्नका लागि पनि सुचना जारी गरिएको गाउँपालिका अध्यक्ष महतोले बताउनुभयो।

निकालिएको जमिनमा बृक्षारोपणको कार्य र भुमिहिन भएर नाढीतालको छेउमा बस्दै आएका मुसहर र दलितहरु आश्रय स्थलको रुपमा दिने योजना रहेको प्रमुख प्रशासकिय अधिकृत टेक प्रसाद भट्टराईले बताउनुभयो।

जनप्रतिनिधि नहुदाँ आ-आफ्नो किसिम मानिस सरकारी जग्गा कब्जा गरेर जोतभोग गर्दै आएको चन्द्रनगरका स्थानिय रामकैलाश साहले बताउनुभयो।

# मलंगवामा योग शिविर सम्पन्न

